annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३३९ पृष्ठ ८ | काठमाडौं, मंगलबार २ वैशाख २०८२ | वैशाख कृष्णपक्ष तृतीया, नेपाल संवत् ११४५ | TUESDAY, APRIL 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



कर्णाली प्रदेश सरकारले वीरेन्द्रनगरमा निर्माण गरेको प्रादेशिक रंगशाला। ● ललित बुढा

# पूर्वतयारीमा २ अर्ब खर्च, दसौं राष्ट्रिय खेलकुद सरेको सर्‍यै

कर्णालीले हालसम्म राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने अवसर पाएको छैन। कर्णालीले बल्लतल्ल दुई वर्षअघि राष्ट्रिय खेलकुदको झण्डा ग्रहण गर्‍यो। दसौं राष्ट्रिय खेलकुद आयोजना गर्नेगरी पोखराबाट झण्डा फहराउँदै आएपछि कर्णालीले धमाधम खेल पूर्वाधारमा लगानी गर्‍यो। कर्णालीले हालसम्म दुई अर्ब खर्च गरेर रातारात खेलकुदका विभिन्न पूर्वाधार निर्माण गरिसकेको छ। तर, कर्णालीमा हुने भनिएको दसौं राष्ट्रिय खेलकुद बारम्बार स्थगित भइरहेको छ।

ललितबहादुर बुढा | *सुर्खेत*

– को रिपोर्ट

समाचार पृष्ठ २

## कर वृद्धिमा कुनै पनि देशलाई छोड्दैनौं : ट्रम्प



**वासिङ्टन** (एजेन्सी) : कुनै पनि देश करको दायराबाट बाहिर नरहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चेतावनी दिएका छन्। उनले चिनियाँ आयातलाई लक्षित गर्दै यस्तो बताएका हुन्। ट्रम्पले विश्वव्यापी कर आक्रमण सुरु गरेदेखि दुई ठूला अर्थतन्त्रहरूले तीव्र गतिमा कर वृद्धिको प्रतिशोधात्मक उपाय अपनाउन थालेपछि विश्वको अर्थतन्त्र उच्च जोखिमको खेलमा फसेको छ।

चीनमाथि लगाइएको अमेरिकी कर १४५ प्रतिशतसम्म बढेको छ भने बेइजिङले अमेरिकी आयातमा प्रतिशोधात्मक १२५ प्रतिशत कर लगाएको छ। अमेरिकी पक्षले शुक्रबार स्मार्टफोन, ल्यापटप, सेमिकन्डक्टर र अन्य इलेक्ट्रोनिक उत्पादनहरूको लागि कर छुटको सूची दिँदै दबाबलाई केही कम गरेको थियो। यी उत्पादनका लागि चीन एक प्रमुख स्रोत हो। ट्रम्प र उनका केही शीर्ष सहयोगीहरूले ९० दिन कर छुटको गलत अर्थ लगाइएको बताएका छन्।

यो अस्थायी मात्र हुनेछ किनकि ट्रम्पको टोलीले सूचीका धेरै वस्तुहरूमा नयाँ करहरू लगाउने दिशामा छलफल गरिरहेको छ। 'चीनमात्र होइन, विशेषगरी जसले अहिलेसम्म हामीलाई करका हिसाबले सबैभन्दा खराब व्यवहार गर्दछ, कोही पनि 'कर वृद्धि'को जोखिमबाट टाढा छैन, अमेरिकी राष्ट्रपतिले आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल प्लेटफर्म'मा जारी सन्देशमा भनेका छन्।

यसअघि बेइजिङको वाणिज्य मन्त्रालयले शुक्रबारको कदमले 'एउटा सानो कदममात्र हो' भन्दै ट्रम्प प्रशासनले सम्पूर्ण कर रणनीति 'पूर्ण रूपमा रद्द' गर्नुपर्नेमा जोड दिएको थियो। अमेरिकाले शुक्रबार स्मार्टफोन, कम्प्युटर र अन्य इलेक्ट्रोनिक्स सामानलाई 'पारस्परिक' करबाट छुट दिएको थियो। यसले लोकप्रिय उच्च प्रविधियुक्त उत्पादनका लागि अमेरिकी उपभोक्तामा पर्ने लागत प्रभावलाई कम गरेको छ। अमेरिकी भन्सार तथा सीमा सुरक्षा कार्यालयले शुक्रबार राति जारी गरेको सूचनामा चीनबाट अमेरिका भित्रिने स्मार्टफोन र अन्य प्रविधिजन्य सामानलगायत विभिन्न इलेक्ट्रोनिक सामानमा १४५ प्रतिशत थप कर लगाएको थियो।

# वायु प्रदूषणको चपेटामा पर्यटन

**सुनिता कार्की** | *काठमाडौं*



वायु प्रदूषणका कारण पर्यटन क्षेत्र प्रभावित बन्दै गएको सरोकारवालाहरूले बताएका छन्। उच्च वायु प्रदूषण हुँदा नेपाल आउने पर्यटकले भ्रमण तालिका छोट्याउने तथा रद्द गर्ने क्रम बढेको उनीहरूको गुनासो छ। नेपाल वातावरण पत्रकार समूह (नेवापस) र नेपाल पर्यटन बोर्डले आयोजना गरेको 'पर्यटन क्षेत्रमा वायु प्रदूषणको असर' विषयक अन्तर्क्रियाका वक्ताहरूले विश्वकै उच्च प्रदूषित सहरहरूमा काठमाडौं सूचीकृत हुँदा पर्यटन उद्योग प्रभावित बनेको बताए।

प्रदूषण कारण हवाई उडान नियमित नहुने, विभिन्न स्वास्थ्य समस्याहरू देखापर्ने, नेपाल आइपुगेका पर्यटकहरू पनि हिमशृंखलाको दृश्यावलोकन गर्न नपाउँदा निराश बन्ने गरेकाले पर्यटन उद्योगमा नकारात्मक प्रभाव बढ्दै गएको उनीहरूको भनाइ छ।

कार्यक्रमलाई सम्बोधन गर्दै पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले भने, 'पर्यटन उद्योग मात्र यस्तो हो, जसले ग्रिन इकोनमीका लागि योगदान गरिरहेको छ तर प्रदूषणका कारण नेपालको सुन्दर छवि धमिलिने जोखिम बढेको छ।' नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा पर्यटन क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको तथ्य भए पनि यो क्षेत्र अझै प्राथमिकतामा रहन नसकेको उनले बताए।

नेपालको पर्यटन क्षेत्रले १० लाखभन्दा बढीलाई प्रत्यक्ष/परोक्ष रोजगार दिएको उल्लेख गर्दै जोशीले भने, 'पर्यटन क्षेत्रबाट अझै लाभ लिन जलवायु परिवर्तनका जोखिम गराउने, वातावरण प्रदूषणलगायत पर्यटकीय क्षेत्रलाई असर गर्ने गतिविधि कम गर्दै लैजाने र नीतिगत सुधारतर्फ केन्द्रित हुनुपर्छ। वायु प्रदूषणले तत्कालका लागि पर्यटक आवागमन घटाउने, यस्तो समस्या हरेक वर्ष दोहोरिँदा पर्यटन क्षेत्रमा दीर्घकालीन असर पुग्ने उनको ठहर छ।

कार्यक्रमका अन्य वक्ताहरूले वातावरण जति स्वच्छ र स्वस्थ बन्छ त्यति नै पर्यटकीय क्षेत्र दिगो र विश्वासिलो बन्ने धारणा राखे। नेपाल पर्वतारोहण संघ (एनएमए)का वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले भने, 'नेपालको मौसम सूचना प्रणाली प्रभावकारी र चुस्त बन्दा त्यसको लाभ पर्यटन क्षेत्रले पनि लिएको छ तर प्रदूषणले यो क्षेत्र प्रभावित बनिरहेको छ।' प्रत्येक पालिकाले प्रभावकारी कदम नचालेसम्म वन डढेलो नियन्त्रण र प्रदूषण रोकथाम निष्प्रभावी बन्ने उनको तर्क थियो।

विज्ञहरूका अनुसार सुक्खायाममा ९० प्रतिशतभन्दा बढी वायु मानव स्वास्थ्य अनुकूल हुँदैन। नेपालमा वार्षिक ४७ हजार हाराहारी व्यक्तिको अस्वस्थकर वायुकै कारण निधन हुने गरेको छ। विगत दुई सातायता काठमाडौंसहित देशका धेरै भेगमा वायु गुणस्तर सूचकांक 'एयर क्वालिटी इन्डेक्स' (एक्यूआई) मानव स्वास्थ्यका दृष्टिले जोखिम तहमा पुगेपछि अस्पतालमा बिरामीको संख्या बढ्दै गएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बताउँदै आएको छ।

» बाँकी पृष्ठ ६

## राजसंस्थाका पक्षमा नाराबाजी गर्ने अमेरिकी नागरिक निष्कासित



**काठमाडौं** (अन्नपूर्ण): राजसंस्थाका पक्षमा नाराबाजी गर्ने क्रममा पक्राउ परेका अमेरिकी नागरिकलाई सरकारले देश निकाला गर्ने निर्णय गरेको छ । गृह मन्त्रालयले अमेरिकी नागरिक ५८ वर्षीय जुलियन किर्पाललाई नेपाल प्रवेशमा दुई वर्ष प्रतिबन्ध लगाउने गरी निष्कासन (डिपोर्ट) गर्ने निर्णय गरेको हो ।

गृह मन्त्रालय स्रोतका अनुसार नेपालको राजनीतिक गतिविधिमा संलग्न भएको भेटिएपछि किर्पालविरुद्ध प्रतिबन्धसहितको डिपोर्ट गर्ने निर्णय गरिएको हो।

» बाँकी पृष्ठ ६

# पूर्वराजाप्रति एमाले झन् आक्रोशित

## 'मलाई साथ देऊ भन्दै उकास्ने, अनि जबाफदेहिताबाट पन्छिने ?'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



सत्तारूढ नेकपा (एमाले) ले तीनकुने घटनाको जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्र शाहले लिनुपर्ने बताएको छ। प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा सोमबार बसेको सचिवालय बैठकले चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको घटनामा पूर्वराजा पन्छिन नमिल्ने निष्कर्ष निकालेको हो।

उक्त दिन राजसंस्था पुनर्स्थापनाका लागि भन्दै तीनकुने क्षेत्रमा प्रदर्शन भएको थियो। राजावादीको हिंसात्मक प्रदर्शनका क्रममा ठूलो धनजनको क्षति भएको थियो। घटनामा दुई जनाको मृत्यु हुनुका साथै अन्नपूर्ण मिडिया नेटवर्कलगायतका सञ्चारमाध्यम, निजी र सरकारी भवन तथा जडीबुटी प्रशोधन केन्द्रमा आगजनी भएको थियो। कोटेश्वरको भाटभटेनीमा लुटपाट भएको थियो। 'पूर्वराजा ज्ञानेन्द्र शाह नैतिक रूपमा जबाफदेही हुनैपर्छ। किनभने फागुन ७ गते म अगाडि बढ्छें, मलाई साथ देऊ भनिसकेपछि र चैत १४ गते कमान्डर (दुर्गा प्रसाईं) र त्यसअघि संयोजक (नवराज सुवेदी) तोक्नुभयो,' बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'त्यसछि नै भीड भनेर लागिसकेपछि यो घटना भएको हो। उहाँले जबाफदेहिताबाट पन्छिन मिल्दैन।'

उनले चैत १५ भएको तीनकुने घटनाका विषयमा सरकारले अनुसन्धान गरिरहेको पनि बताए। एमालले नयाँ वर्षका अवसरमा पूर्वराजा शाहले दिएको भिडियो सन्देश आपत्तिजनक भएको बताएको छ। ज्ञानेन्द्र शाहको अभिव्यक्तिप्रति आपत्ति जनाएको छ। 'पूर्वराजा ज्ञानेन्द्रको अभिव्यक्ति आएको छ। उहाँको मनमा अझै पनि राजतन्त्र फर्काउन सकिन्छ कि, अहिलेका उपलब्धिहरूलाई पछाडि धकेल्न सकिन्छ कि भन्ने आशा र त्यससम्बन्धी सक्रियता जीवितै रहेको पायौं, जुन गलत भयो,' ज्ञवालीले भने।

तीनकुने घटनालाई जनतामा आएको जागरण भनेर पूर्वराजाले भिडियो सन्देशमा भनेको विषयमा पनि एमालेले आपत्ति जनाएको छ। ज्ञवालीले सचिवालय बैठकको निष्कर्ष सुनाउँदै भने, '१५ गतेको आपराधिक घटनालाई जनतामा आएको जागरणका रूपमा व्यक्त गर्नुभयो। सर्वसाधारणको घरमा लुटपाट, तोडफोड, सरकारी कार्यालयमा विध्वंश आदि। उहाँले खोजेको जागरण त्यस्तै हो भने त्यो त धेरै आपत्तिजनक कुरा हो। त्यसैले यस्ता खाले कुनै पनि क्रियाकलाप नगर्न हामीले उहाँलाई भनेका छौं।' एमालेले व्यवस्था उल्टयाउने प्रयासलाई अवाञ्छित र असफल भनेको छ। 'मुलुकले लोकतान्त्रिक गणतन्त्रको कोर्स लिइसकेको छ, यसलाई उल्टयाउने कुनै पनि प्रयास अवाञ्छित हुन् र ती असफल हुनु अनिवार्य छन्, उनले भने, 'त्यस्तो कुरा नहोस् भन्ने प्रस्ट पार्ने काम बैठकले गरेको छ।'

**सरकार परिवर्तनको कुरा 'सत्ताप्रति आशक्ति'**

'प्रचण्ड' सत्ता बाहिर रहँदाको कुण्ठामात्रै भएको एमालेको निष्कर्ष छ। प्रचण्डको सरकार परिवर्तनको भनाइ सत्ताबाहिर हुँदाको कुण्ठा र पीडाबोध भएको निचोड एमालेको छ। एमालेले प्रचण्डले चितवनमा नयाँ वर्षसँगै सरकार परिवर्तन हुन्छ भनेर दिएको अभिव्यक्तिलाई खारेज गरेको छ। 'प्रचण्डले फेरि सरकार परिवर्तनको हल्ला गरिरहनुभएको छ। यो सरकार बाहिर हुँदाको कुण्ठा र पीडाबोध प्रकट हुन्छ। अहिले सरकार परिवर्तन न कतैबाट सम्भव र सान्दर्भिक छ न यसको औचित्य छ,' ज्ञवालीले भने, 'राष्ट्रिय राजनीतिका यावत् कुरा छाडेर सरकार परिवर्तनको कुरामात्र गर्नु भनेको सत्तामोहबाहेक केही होइन। भ्रम सिर्जना गर्ने कोसिस भएको छ त्यसलाई हामीले खण्डन गरेका छौं।'

अझै राम्रो कामका लागि सरकारलाई एमालेले झकझक्याइरहेको पनि उनले बताए। 'केही कमी, कमजोरीलाई आधार मानेर कोही व्यवस्था नै पल्टाउन कोसिस गर्ने, अर्काथरी सरकार परिवर्तनको ध्यानमा मात्र जाने: यी अस्थिरताका प्रयत्न हुन्। सफल हुँदैनन्,' उनले भने।

एमालेले जनतामा असन्तुष्टि, निराशा बढ्नुमा माओवादी केन्द्रलाई जिम्मेवार ठानेको छ। ज्ञवालीले शान्ति प्रक्रियापछि सबैभन्दा बढी समय माओवादी केन्द्र सरकारमा रहेकाले उसले निराशा, असन्तुष्टिको जिम्मेवारी लिनुपर्नेबताए। 'सत्तामा सबैभन्दा कम बसेको एमाले र बीचमा नेपाली कांग्रेस हो। माधव नेपाल सरकारमा हुँदा २० महिना र नेकपा विभाजनपछि केही महिना र अहिले हो माओवादी प्रतिपक्षमा बसेको,' उनले भने, 'अधिकांश समय सत्तामा छ। त्यसको जबाफदेहिता लिनुपर्दैन ? अरूलाई मात्रै औंला ठड्याएर हुन्छ ? '

» बाँकी पृष्ठ ६